# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(.........प्रशासन............ शाखा)

पत्र संख्या : ०७२/७३
चलानी नं. :- १००८

रामशाहपथ, काठमाडौं
मिति :- २०७२/११/२१

**बिषय : परिपत्र ।**

**श्री पुनरावेदन सरकारी वकील कार्यालयहरु**
**(इलाम, धनकुटा, बिराटनगर, राजविराज, जनकपुर, हेटौंडा, पाटन, पोखरा, वाग्लुङ, वुटवल, तुल्सीपुर, नेपालगञ्ज, सुर्खेत, जुम्ला, दिपायल, महेन्द्रनगर,)**

उपर्युक्त बिषयमा यस कार्यालय मातहत सवै पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयको कार्यलाई नियमित व्यवस्थित गराउनको लागि र कार्यालयमा रहेका सवारी साधनहरुको समूचित प्रयोग र विनियोजित रकमको मितव्ययी ढंगले उपयोग गर्न समेतका लागि मातहतका कार्यालयहरुमा देहाय बमोजिमको परिपत्र गर्ने भनि यस कार्यालयबाट मिति २०७२।११।२१ मा निर्णय भएको हुँदा सोहि अनुसार गर्न गराउन अनुरोध छ ।

१. पुनरावेदन सरकारी वकील कार्यालयमा कार्यरत सहन्यायाधिवक्ताले आफु कार्यरत कार्यालयबाट जिल्ला छाडी अन्यत्र जानुपर्ने भएमा जानु पूर्व अनिवार्य रुपमा महान्यायाधिवक्ताको कार्यालयमा जानकारी गराउने

२. जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरुले आफु कार्यरत कार्यालय छाडेर अन्यत्र जानुपर्दा सम्वन्धित पुनरावेदन सरकारी वकील कार्यालयसँग आवश्यक समन्वय गर्न र सो को जानकारी महान्यायाधिवक्ताको कार्यालय समेतलाई गराउने

३. कार्यालयमा रहेका सवारी साधन सरकारी कामको लागि आफ्नो क्षेत्र भन्दा बाहिर लिई जानु परेमा जानकारी गराउने र सो बाहेकको अन्य अवस्थामा सवारी साधन प्रयोग गर्नु पूर्व यस कार्यालयको पूर्व सहमति लिने

४. यस कार्यालयबाट भएका पूर्व निर्देशन, परिपत्र अनिवार्य रुपमा पालन, कार्यान्वयन गर्ने , सो गरे नगरेको कुरा अनुगमन हुने, गर्ने ।

२०७२।११।२१
गजराज घिमिरे
शाखा अधिकृत


☎ : ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

D:\प्रशासन शाखा आ.व.२०७१....\अफिस फोल्डर\All latte/ अन्य...